# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०१।२३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------

जिल्ला रुपन्देही, श्री समयमाई प्राथमिक विद्यालय (हाल माध्यमिक विद्यालय) टिकुलीगढमा कार्यरत शिक्षक राम प्रसाद पौडेलले हाइस्कुल (एस.एल.सी. सरह)को शैक्षिक योग्यताको प्रमाणपत्र भारतबाट खरिद गरी ल्याई स्थायी शिक्षक नियुक्त भएकोले छानबिन गरी कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षक राम प्रसाद पौडेलले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, भारतबाट हाइस्कुल(एस.एल.सी. सरह) परीक्षा उत्तीर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी राष्ट्रसेवकको पदमा बहाल रही लाभ एवं सुविधासमेत लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेकोले निज शिक्षक राम प्रसाद पौडेललाई ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता